आज मिति २०८२ असोज ९ गते दिनको ८.३० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक बसि निम्न निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री रामबाबु पौडेल |

आमन्त्रित

| | | |
|---|---|---|
| १. | शिक्षा अधिकृत | श्री बोधराज पाठक |
| २. | शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ३. | इन्जिनियर | श्री प्रकाश सिलवाल |
| ४. | लेखापाल | श्री डिल्लीराम शर्मा |

निर्णय नं. १
गाउँ कार्यपालिकाका यस अघिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २
यस गाउँपालिकाका देहायका जग्गाहरु भू बर्गिकरणमा छुट भएको भनी बर्गिकरणको लागि पेश हुन आएकोले देहायका जग्गा देहायका बर्गमा पर्ने निर्णय गरियो ।

| सि.नं. | जग्गाधनिको नाम | सिट नं. | कि.नं. | क्षेत्रफल | बर्गिकरण क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री राम बहादुर प्रजा | वेनीघाट ७/झ | १८ | ०-१२-२-१ | कृषि क्षेत्र | |
| २ | श्री रामकृष्ण थापा मगर | महादेवस्थान १/घ | ८ | १०-२-०-० | कृषि क्षेत्र | |
| ३ | श्री भिमसेन श्रेष्ठ | वेनीघाट ६/क | १२६४ | ०-०-२-२ | ब्यवसायिक | |
| ४ | श्री भिमसेन श्रेष्ठ | वेनीघाट ६/क | २५७ | ०-२-०-३ | ब्यवसायिक | |
| ५ | श्री चन्द्र वहादुर सिलवाल | वेनीघाट २/ब | १२१९ | १-०-०-० | आवासिय | |
| ६ | ढुण्ड वहदुर सिलवाल | वेनीघाट २/ब | १५३८ | ०-६-०-० | आवासिय | |

निर्णय नं. ३
नेपालिको महान पर्व वडा दशै, शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा समस्त देशबासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने । र दशै तिहारको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गर्ने वडाहरुलाई चियापान खर्च वापत प्रति बडा बढीमा रु ३०,०००।– सम्म वील भरपाईको आधारमा खर्च भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४
वेनिघाट रोराङ गाउँपालिका आयआर्जनका लागि पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरियो ।

निर्णय नं. ५
गाउँपालिकावाट देहायका व्यक्ति, समुह र विद्यालयलाई माग बमोजिमको सामग्रीहरू सहयोग स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

१. पदमचौर आ. वि., बेनिघाट रोराङ गा.पा., वडा नं. १० – १०० थान प्लास्टिक कुर्सि,
२. तोथर कृषक समुह बेनिघाट रोराङ गा.पा., वडा नं. १० – एक जोर पञ्चै बाजा,
३. वेनिघाट रोराङ गा.पा., वडा नं. ९, तोकलाङका गरिव तथा बिपन्न परिवारलाई माग बमोजिम सिरक र खाद्यान्न उपलब्ध गराउने,
४. पालिकाका सामुदायिक विद्यालयहरूलाई सिकाई अभिवृद्धि प्रयोजनको लागि माग बमोजिम खाद्यान्न र आवश्यक अन्य सामग्री उपलब्ध गाउने,
५. हर्कपुर खानेपानी उपभोक्ता समितिलाई रू. १५००००/- सम्मको १ थान पानी तान्ने पम्प उपलब्ध गराउने ।